**Journal of Jayaprithvi Multiple Campus**
Vol. 1; May 2025
ISSN: 3059-9830 (Print)
Published by Research Management Cell (RMC)
Jayaprithvi Multiple Campus, Bhopur, Bajhang

# शैक्षिक नीति र संरचनात्मकताको अध्ययन

**डा. ओमप्रकाश आचार्य**
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
omacharya3851@gmail.com

**लेखसार**

*शैक्षिक नीति र संरचनात्मक आयामका आधारहरू खुट्याउने उद्देश्यमा यो लेख मूलभूत रूपमा केन्द्रित छ । यस लेखमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी शैक्षिक नीति र संरचनात्मक अभ्यास एवम् आवश्यक शैक्षिक नीति र संरचनाको विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक अध्ययन गरिएको छ । शिक्षाको लक्ष्य स्वस्थ, संस्कारयुक्त, नैतिक, जिम्मेवार, सम्पन्न, समृद्ध, विकसित जीवनसँग जोड्न सक्ने हुनुपर्छ । शिक्षितता, उद्यमशीलता, प्रयोगाभ्यासमा आधारित, समाजपरक, क्षेत्र विशेषको शिक्षा, बहुढाँचाको प्रणाली, स्थानियत्व, शिक्षामा वैकल्पिक उपायको प्रयोग, प्रयोगपरक शिक्षा, शिक्षामा विश्वव्यापीकरण, खुला शिक्षा, आवश्यकतामुखी, विशिष्टीकृत, अनुसन्धानमुखी, आधुनिकीकरण, प्राविधिकीकरण, व्यावसायिकीकरण, प्रविधिकीकरण, प्रशासनिकीकरणको नीति सबै देशले अवलम्बन गर्नुपर्दछ । शैक्षिक नेतृत्वमा स्थानीय तह, state राज्यस्तरको एवम् देशभरिको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय हुनुपर्छ । शैक्षिक नीति निर्माण स्थानीय निकायले गर्नुपर्छ । त्यसमा आवश्यक सहयोग state (प्रदेश/राज्य ) र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको हुनुपर्छ । शैक्षिक संरचनामा पूर्व आधारभूत तहः शारीरिक, मानसिक विकाससँगै स्वस्थताका लागि आधारभूत तहः शैक्षिक आधारका लागि, माध्यमिक तहः साधारण, प्राविधिक, व्यावसायिक, प्रविधियुक्त उच्चशिक्षाः Graduate, Postgraduate सेमेस्टर प्रणालीको इन्टर्नसिपसहितको, Research Level एम. फिल. ४ सेमेस्टरको, विद्यावारिधि (पिएच्.डी) ३ देखि ५ वर्षसम्मको संरचनामा हुनुपर्छ । माध्यमिक तहदेखि Postgraduate तहसम्म core र specialization प्रकृतिको संरचनामा आधारित हुनुपर्छ । शिक्षाशास्त्र, चिकित्साशास्त्र, कृषि तथा पशुविज्ञान, इन्जिनियरिङमा सेमेस्टर वृद्धि गरिनुका साथै specialization को बनाइनु पर्छ । देशको आवश्यकता अनुरूप शिक्षाशास्त्र, चिकित्सा, कृषि तथा पशु एवम् इन्जिनियरिङ बाहेकका अन्य सङ्कायमा सङ्काय परिवर्तन खुला रहनुपर्छ । उच्चशिक्षा public university (centeral and state universities), private universities, colleges, medical colleges विज्ञान प्रतिष्ठानबाट प्रदान गरिनु पर्छ ।*

***मुख्य शब्दावली***: *नीति, संरचना, स्थानीयत्व, उद्यमशीलता, प्रयोगपरक, व्यावसायिकीकरण ।*

## परिचय

शिक्षा प्राणीका लागि आवश्यक पर्छ । शिक्षाले सिक्ने र सिकाउने सन्दर्भसँग सम्बन्ध राख्दछ । त्यसैले जोकोही प्राणीका लागि आवश्यक भएको हुन्छ । दुई साँढे बीचको जुधाइ हुँदा एउटा साँढेको पराजय सँगै विजयी साँढेलाई देख्ने वित्तिकै पराजित साँढे किनारा लाग्नु लडाइबाट साँढे प्राणीले सिकेको ज्ञान हो । उसका लागि जुधाइबाट पराजित भएकाले लाग्नु हुँदैन भन्ने शिक्षा प्राप्त भयो । भालेले खाने कुराको वहानामा पोथीलाई बोलाउनु पर्छ, पिरति लाउनु पर्छ भन्ने, पोथी खान जाने खाने कुरा नहुने, झुक्याएको अनुभवले अर्को पटक बोलाउँदा जानु हुँदैन भन्ने ज्ञान, एउटा कमिला हिड्दा अर्को कमिला पनि हिड्नु, एक्लो हिडाइले हराउनु, कमिलाको हिडाइ समूहगत रुपमा हुनु हिडाइले गन्तव्यमा पुगिन्छ भन्ने बुझाइ, भँगेराले एकोहोरो भएर खानेकुरा टिपिरहँदा सिकारीले झम्टा हान्न सक्छ भन्दै चारै तर्फ घुमीघुमी आँखा छलीछली खानेकुरा टिप्नु, प्राणीगत शिक्षा हुन् । शिक्षालाई व्याख्या गर्ने, सन्दर्भसँग जोड्ने, शिक्षाको वहस गर्ने तौरतरिका पृथकाकृत पृथक छन् । मानवलाई साक्षात मानव धारण गराउने महत्वपूर्ण पक्ष शिक्षा हो । देश, काल, परिवेश अनुरुप शैक्षिक नीति र संरचना तय गरिएको हुन्छ । गरिनु पर्दछ । स्थायित्ववाद, अत्यावश्यकतावाद, प्रगतिवाद, अस्तित्ववाद, निर्माणवाद, आधुनिकवाद एवम् उत्तरआधुनिकवादको चिन्तन शिक्षामा प्रवेश नगर्दो हो त विश्व विकास सम्हाल्न नसक्ने गरी कसरी छल्किदो हो ? तसर्थ अव विश्व परिवेश, प्राणीपाच्य, सन्दर्भपरक शिक्षाको आवश्यकता टड्कारो छ । हरेक देशले आयामिक शैक्षिक नीति र संरचनात्मक व्यवस्थामा ध्यानदिनु पर्दछ ।

## समस्या

विश्वले अंगालेको शैक्षिक नीति र संरचनात्मक प्रभाव, नेपालले अवलम्बन गरेको शैक्षिक नीति र संरचनात्मक अभ्यास, शिक्षा र मानव जातिको गतिशीलता, वदलिदो परिस्थितिमा शिक्षाको प्रयोग जस्ता जिज्ञासा नै यसलेखका समस्यासँग जोडिएका छन् ।

## उद्देश्य

यस लेखको उद्देश्य भनेकै शैक्षिक नीति र संरचनात्मक आयामका आधारहरु खुट्याउनु हो ।

## अध्ययन विधि

पुस्तकालयीय विधि यस लेखको प्रधान अध्ययन विधि हो । जसका आधारमा शैक्षिक नीति र संरचनापरक अभ्यास एवम् आवश्यक शैक्षिक नीति र संरचनाको विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## परिसीमन

यो अध्ययन शिक्षाको नीति र संरचनामा मात्र केन्द्रित भएर गरिएको अध्ययन हो ।

## अध्ययनको विश्लेषण

शैक्षिक नीति, संरचना, नीतिपरक अभ्यास, संरचनापरक अभ्यास, आवश्यक शैक्षिक नीति र आवश्यक शैक्षिक संरचनाका सम्बन्धमा विश्लेषण गरिएको छ ।

## शैक्षिक नीति

शिक्षालाई व्यवस्थित गराउन शैक्षिक नीति अवलम्बन गरिन्छ । हरेक देशले आफ्नो देशको शिक्षा प्रणाली अगाडि बढाउन, शैक्षिक गतिविधि संचालन गर्न, शैक्षिक परिपाटि कार्यान्वयन गर्न, जनमानसमा शिक्षा प्रवाह गर्न, शिक्षा

सम्बद्ध ऐन, नियम तयार पार्न नीति आवश्यक हुन्छ। त्यसैका आधारमा शैक्षिक पद्धति चलेको हुन्छ। शिक्षा दिने माध्यम के के हुने ? शिक्षा लिने माध्यम के के हुने ? कस्तो प्रकृतिको शिक्षा ? शिक्षा प्रदान गर्ने जनशक्ति कस्तो ? शिक्षा हासिल गर्ने शिक्षार्थी कस्ता ? स्रोत साधन के के ? शैक्षिक निकाय को को ? शिक्षाका आधारहरु के ? तत् तत् शिक्षाको पाठ्यक्रम कस्तो ? पाठ्यसामग्री के ? शिक्षाको प्रभावकारिताको अध्ययन कसरी ? शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने तौरतरिका के ? शिक्षालाई व्यवस्थित गराउन व्यवस्थापकीय पक्षहरु के के ? सम्बद्ध पक्षको काम, कर्तव्य र अधिकार कस्तो ? भन्ने सम्बन्धमा पूर्ण रुपले शैक्षिक नीति केन्द्रित रहेको हुन्छ। शैक्षिक नीतिगत प्रकृति मूलतः साम्राज्यवादी नीति अनुरुप एकदेशको शिक्षा अर्को देशमा लादिएको हुन्छ (Sharma, **2061** BS)। हरेक मुलुकले स्वतन्त्र रुपमा फरक फरक शिक्षा प्रणालीको सुरुवात गर्नु नीतिगत सिद्धान्त हुन्। शैक्षिक नीतिलाई विशेषतः तीन नीतिगत आधारबाट अपनाइएको हुन्छ।

१. प्रकृतिपरक नीतिः शिक्षाको स्वरुप सम्बद्ध नीति,
२. पद्धतिपरक नीतिः शिक्षालाई प्रणालीगत आधारमा डोर्याउने नीति,
३. व्यवस्थापरक नीतिः शैक्षिक गतिविधि संचालनगत नीति।

यसका अलावा शैक्षिक नीतिलाई तपसिल वमोजिमका नीतिमा आबद्ध गरेर समेत राखिएको हुन्छः

१. योजनागत नीतिः कति वर्षे कस्तो प्रकृतिको शिक्षाको योजना सम्बद्ध नीति,
२. कार्यान्वयनगत नीतिः तय गरिएका योजनामा सम्लग्नता र सहभागिताका आधारमा कार्यगत नीति।

## शैक्षिक संरचना

शिक्षाको ढाँचा, शिक्षाको स्वरुप शैक्षिक संरचनामा पर्दछ। मानव शिक्षित हुनका लागि, मानवलाई शिक्षित बनाउनका लागि, देशलाई चाहिने आवश्यक जनशक्ति तयार पार्न शिक्षाको संरचना निर्धारण गरिन्छ। यो हरेक देशले निर्धारण गरेको हुन्छ। शिक्षाको संरचनाका आधारमा कति वर्ष उमेरका व्यक्तिले कस्तो शिक्षा लिने त्यो शिक्षा अवधिलाई के भन्ने ? तत् शैक्षिक अवधिलाई कसरी विभाजन गर्ने भन्ने सम्बन्धमा संरचनागत आधार तय गरिएको हुन्छ। शिक्षा हासिलका चरणहरु कस्ता हुने ? मानवको शारीरिक विकास सँगै मानसिक विकासको सन्तुलन, उमेर स्तर तह अनुरुपको शैक्षिक क्रम कायम गरिएको हुनुपर्दछ। शिक्षाको वर्गीकृत रुप शैक्षिक संरचनामा पर्छ। शैक्षिक संरचना सँगै तहगत उद्देश्य पनि निर्धारण गरिएको हुनुपर्दछ। कुन तहको कक्षा कतिदेखि कति सम्म एवम् त्यस तहका उद्देश्य के ? स्पष्ट रुपमा खुलाइएको शैक्षिक संरचना मापनयोग्य वस्तुनिष्ठ हुन्छ। यसरी तहगत रुपमा ज्ञानको संरचना र उद्देश्यको निर्धारण शैक्षिक संरचनामा आवश्यक हुन्छ। शिक्षा लिने उमेर, अवस्था, तह, समयावधि, शिक्षक शिक्षा, शैक्षिक संरचनाका अनिवार्य क्षेत्र हुन्। कुन उमेर समूहका व्यक्तिले कुन तहको, कस्तो प्रकृतिको, कति अवधिको, कस्तो योग्यता भएका शिक्षकहरुबाट शिक्षा लिने र दिने भन्ने स्पष्ट खाका शैक्षक संरचनाका आधारहरु हुन्।

## नीतिपरक अभ्यास

शैक्षिक नीति राष्ट्रिय नीति हो। हरेक देशले आफ्नो सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, धार्मिक, राजनैतिक पक्षका आधारमा शैक्षिक नीति तयार गरेका हुन्छन्। शिक्षाको राष्ट्रिय लक्ष्य, राष्ट्रिय उद्देश्य, प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, खुला शिक्षा, प्रौढ शिक्षा, महिला शिक्षा, विशेष शिक्षा, संरचना, मानवीय संसाधनको आपुर्ती, शैक्षिक पहुँच, गुणस्तर, अतिरिक्त क्रियाकलाप, प्रभावकारी व्यवस्थापन,

शैक्षिक लगानी, शिक्षक सेवा, भाषा, शैक्षिक नेतृत्वका सम्बन्धमा स्पष्ट नीति तय गर्नुपर्दछ (Sharma, **2061** BS)। वर्तमान अवस्थामा विकसित, विकासोन्मुख देशहरुले शैक्षिक नीति निर्धारणमा न्यूनतम आधारको पालना गरेका छन् । हरेक देशले व्यक्तिको सर्वाङ्गिण विकास, राष्ट्र, राष्ट्रियता, जातियताको संरक्षण, सम्बद्र्धन, उत्पादनमुखी, कार्यमुखी, सीपमुखी शिक्षा, व्यक्ति विकास, मानवीय सम्बन्ध आर्थिक सक्षमता, कर्मशील र जिम्मेवार नागरिक, ज्ञान विज्ञान र प्रविधिको विकास एवम् आधुनिकीकरण जस्ता शैक्षिक लक्ष्य र उद्देश्य निर्दिष्ट गरेका छन् । सोही अनुरुप शैक्षिक नीति निर्धारण गरिएको छ । प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा, व्यावसायिक शिक्षा, खुला शिक्षा, प्रौढ शिक्षा, महिला शिक्षा, विशेष शिक्षा, शैक्षिक संरचना, मानवीय संसाधनको आपुर्ती, शैक्षिक पहुँच, गुणस्तरियता, अतिरिक्त क्रियाकलाप, प्रभावकारी व्यवस्थापन, शैक्षिक लगानी, शिक्षक सेवा, भाषा, शैक्षिक नेतृत्वका सम्बन्धमा आ–आफ्नो देशको सामाजिक, साँस्कृति, आर्थिक, भौगोलिक, धार्मिक, राजनैतिक प्रणालीका आधारमा निर्धारित छ ।

संयुक्तराज्य अमेरिकाको शिक्षा प्रणालीमा शिक्षाले व्यक्तिलाई आफ्नो पक्षको विकास गरी अगि बढ्न सहयोग मिल्नु पर्दछ, ज्ञानको संरक्षण, सम्बद्र्धन परिवर्तन एवम् शैक्षिक धारणामा नयाँ नयाँ सीप र विधिहरुको विकास गर्नसक्नुपर्छ (www.usaedu.policy)। शिक्षा खोजको माध्यम हुनुपर्दछ भन्ने राष्ट्रिय लक्ष्यसँगै बहुढाँचाको शैक्षिक प्रशासन, विकेन्द्रीकरण शिक्षा प्रणालीको नीति अवलम्बन गरिएको छ । विद्यार्थीहरुको प्रवृत्ति विकासलाई महत्वपूर्ण ठान्ने अमेरिकी शिक्षा प्रणालीले विद्यार्थीमा learning, life, liberty and love को विकास हुनुपर्ने मान्यता राख्दछ । मौलिक शिक्षा प्रणालीको नीति रहेको अमेरिकाको self-realization, self fulfillment, goog citizens, productive workers, and good members शिक्षाको मूलमर्ममा केन्द्रित रहेको छ । रुसले शिक्षालाई universal, free and compulsory बनाउने नीति लियो (www.russia.edu.policy)। शिक्षाले व्यक्तिगत विकास, मानवीय सम्बन्ध, आर्थिक दक्षता, जिम्मेवार नागरिक तयार पार्नुपर्ने ध्येयका साथ प्रजातान्त्रिक लक्ष्य, सर्वव्यापी शैक्षिक प्रणालीको अभ्यास गर्यो । जापानले शिक्षामा सामाजिक माग अनुसारको शैक्षिक विविधीकरण, सुहाउँदो शिक्षा, आर्थिक सम्पन्नता, learning society, bringing up international minds, एवम् विज्ञान र प्रविधिलाई जोडको नीति लियो । जापानमा नगरपालिका र स्थानीय तहमा Local Board of Education ले शिक्षाको नीति तय गर्दछ (www.japanese.edu.policy)। जसमा शिक्षा मन्त्रालयको Central Council of Education (Director of Bureau) ले सहयोग गर्छ । विद्यालय शिक्षा सर्वव्यापी, निः शुल्क, र अनिवार्य एवम् वैज्ञानिक र प्राविधिक शिक्षागत शैक्षिक चरित्र जापानको शैक्षिक नीति रहेको छ ।

चीनले आफ्नो शिक्षालाई आधुनिकीकरणको नीति बनाएको छ । यस सन्दर्भमा उद्योगको आधुनिकीकरण, कृषिको आधुनिकीकरण, राष्ट्रिय प्रतिरक्षाको आधुनिकीकरण एवम् विज्ञान र प्रविधिको आधुनिकीकरणलाई प्रमुख ठानेको छ । विचारधारात्मक कार्य (iodelogical work) लाई बलियो वनाउने, विद्यालय शिक्षाको content र method मा समयानुसार परिवर्तन गर्दै लैजाने, प्राथमिक शिक्षा सर्वव्यापी वनाउने, उच्च शिक्षा वैज्ञानिक र अनुसन्धानमुखी हुनुपर्ने, शिक्षाले विज्ञान, प्रविधि र सांस्कृतिक आदान प्रदानलाई ग्रहण गर्नुपर्दछ । राष्ट्रिय आवश्यकताका आधारमा आवश्यक संकाय परिवर्तन र तत् तत् आवश्यक जनशक्ति उत्पादन गर्ने चीनको प्रमुख शैक्षिक नीतिभित्र पर्दछ । भारत सामाजिक विविधताको संरचनामा रहेको देश हो । प्रत्येक गाउँमा एक एक विद्यालय अनिवार्य, प्राथमिक शिक्षा, Three language approach (स्थानीय भाषा, राज्यस्तरका भाषा र हिन्दी वा अङ्ग्रेजी भाषा) को नीति भारतको शैक्षिक प्रणालीमा रहेको छ । भारतीय शिक्षा उत्पादनमुखी, कार्यमुखी, सीपमुखी, सामाजिक र राष्ट्रिय एकताका लागि शिक्षा, शिक्षा र जीवन पद्धतिको

मेल, आधुनिकीकरणको प्रक्रियामा तीव्रता ल्याउने शिक्षा, व्यक्तिमा सामाजिक, नैतिक र आध्यात्मिक मूल्यको विकास र चरित्र निर्माणको शिक्षा, शिक्षा सर्वव्यापी,अनिवार्य र निः शुल्क, विज्ञान र प्रविधिमा जोड, कृषि र औद्योगिक शिक्षाको विकास, विज्ञान शिक्षा र वैज्ञानिक अनुसन्धानमूलक शिक्षामा जोड, प्राविधिक र व्यावसायिक शिक्षा एवम् राष्ट्रिय रोजगारीसँग सम्बन्धित समयानुकूल उच्च शिक्षाको सुधार परिवर्तन तथा विकास र कार्यान्वयन जस्ता नीतिगत लक्ष्यमा केन्द्रित रहेको छ (indian.edu.policy)। शिक्षा पूर्ण र स्वायक्त रुपमा राज्य सरकार र केन्द्र सरकारबाट समन्वयात्मक रुपमा संचालित शैक्षिक नीतिमा भारतीय शिक्षा प्रणाली अगि बढेको छ । नेपाल बहुल जाति, भाषा, धर्म र संस्कृतिको देश हो । बहुआयामिक व्यत्तित्वको विकास गर्नु, ज्ञान, विज्ञान र प्रविधिको क्षेत्रमा अन्तराष्ट्रिय स्तरका सक्षम नागरिक तयार गर्नु, राष्ट्रिय र सामाजिक मान्यताप्राकृतिक वातावरण,राष्ट्रिय सम्पदाको संरक्षण गर्नसक्ने नागरिक हुनु, सामाजिक एकता एवम् मानव संसाधनको विकास गर्नु, शैक्षिक लक्ष्य रहेको छ । शैक्षिक सहभागिता, शिक्षाको पहुँचगत नीतिमा नेपालको शिक्षा प्रणाली केन्द्रित छ । आधारभूत शिक्षा अनिवार्य र निः शुल्क, माध्यमिक शिक्षा प्राविधिक र व्यावसायिक, उच्च शिक्षा विशिष्टीकृत, अनुसन्धानमुखी, ज्ञान विज्ञान र प्रविधिका क्षेत्रमा उच्च गुणस्तरयुक्त मानवीय संसाधन तयार गर्ने, बहुविश्वविद्यालय, खुला विश्वविद्यालय र दूर शिक्षाको परिपालना, विशेष शिक्षा, शैक्षिक व्यवस्थापनमा विकेन्द्रित प्रणालीको अवलम्बन, शिक्षक सेवा, प्राथमिक शिक्षा मातृभाषामा, माध्यमिक र उच्च शिक्षा नेपाली र अङ्ग्रेजी भाषामा शैक्षिक नेतृत्व पालिका, जिल्ला शिक्षा समन्वय, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत केन्द्र (शिक्षा विभाग) र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुने गरेको छ ।

**संरचनापरक अभ्यास**

विश्वका हरेक देशले आफ्नो देश अनुरुपको संरचना तयार पारेका छन् । संरचनापरक अभ्यासको अध्ययन गर्दा संयुक्त राज्य अमेरिकाको सन्दर्भमा शैक्षिक संरचनालाई पूर्व प्राथमिक तह (Pre-Primary Level), प्राथमिक तह (Primary Level), माध्यमिक तह (Secondary Level) र उच्च तह (Higher Level) भनेर विभाजन गरिएको छ । सामान्यतया ३ वर्षदेखि ५ वर्षसम्मका बालबालिकाले Pre-Primary Level अन्तर्गत Nursery, Kindergarten, र Headstart Program मा रहेर पढ्ने गर्छन् । कक्षा १ देखि ६ सम्म प्राथमिक तह हो भने माध्यमिक तहलाई Junior र Senior कक्षामा विभाजन गरी कुनै राज्यमा ३ वर्षे Junior, ३ वर्षे Senior त कुनै राज्यमा २ वर्षे Junior, २ वर्षे Senior त कुनै राज्यमा ४ वर्षे Junior, ४ वर्षे Senior कक्षा माध्यमिक तहमा निर्धारण गरिएको छ (www.usa.edu.policy)। यसरी विद्यालय तहको शिक्षा जम्मा १२ वर्षको रहेको छ । माध्यमिक तह पार गरेको विद्यार्थीले ७/८ वर्षको उच्चशिक्षा हासिल गरेपछि विद्यावारिधि गर्ने व्यवस्था छ । विश्वविद्यालयहरु Undergraduate र Graduate Colleges सँग सम्बद्ध रहेका छन् । स्नातक ४ वर्षे, १ वर्षे स्नातकोत्तर र अनुसन्धान तहको संरचनामा उच्चशिक्षा रहेको छ । उच्चशिक्षा केन्द्रसरकार, राज्यसरकार एवम् व्यक्ति वा धार्मिक संस्थाबाट खोलिएका छन् । शैक्षिक संरचनामा अमेरिकाका हरेक राज्यमा आ–आफ्नै संरचना छ । ५० वटा राज्यको संयुक्तराज्य अमेरिकाको शैक्षिक संरचनामा एकरुपता छैन । यद्यपि प्राथमिक, माध्यमिक र उच्चशिक्षाको संरचना हरेक राज्यले तय गरेका छन् । राज्यपिच्छे संरचना फरक फरक छ । रुसको शैक्षिक संरचनामा पूर्वप्राथमिक शिक्षा ३ वर्षदेखि ७ वर्षसम्मका बालबालिकाहरुलाई विद्यालय आउने बानीको विकास गराउनु, शिशुस्वास्थ्यको संरक्षण गर्नुमा केन्द्रित रहेको छ । विद्यालय शिक्षाको संरचना प्राथमिक तह कक्षा १ देखि ४ सम्म, जुनियर माध्यमिक तह कक्षा ५ देखि ७ सम्म र सिनियर माध्यमिक तह कक्षा ८ देखि १० सम्म रहेको छ । माध्यमिक तह पुरा गरेका विद्यार्थीहरुका लागि स्नातक तहको उच्चशिक्षा ४ वर्षे साधारण तर्फ, प्राविधिक शिक्षा ५ वर्षे र चिकित्सा शिक्षा

६ वर्षको रहेको छ । स्नातकोत्तर र अनुसन्धानको तह समेत उच्चशिक्षामा राखिएको छ । जापानमा पूर्वप्राथमिक शिक्षा शिशु स्याहार केन्द्र, शिशु विद्यालय र किन्डरगार्डेन रहेका छन् । ६ वर्षका बालबालिका प्राथमिक विद्यालयमा भर्ना हुन्छन् । कक्षा १ देखि ९ सम्म प्राथमिक तह हो भने यसलाई समेत Elementary Education and Lower Secondary Education भनेर दुई खण्डमा विभाजन गरिएको छ । माध्यमिक तह कक्षा १० देखि १२ सम्म रहेको छ । यसलाई पनि Full time upper secondary education, Part time upperondary education, र Correspondance upper secondary education भनेर तोकिएको छ। उच्चशिक्षा Universities, Junior Colleges, र Technical Colleges बाट प्रदान गरिन्छ । Universities, National Universities and Publica Universities छन् । उच्चशिक्षा Graduate and Postgraduate मा विभाजन गरिएको छ । ४ वर्षे स्नातक Graduate **र** Postgraduate; Master's Degree २ वर्षे, PhD ३ वर्षे कार्यक्रमहरु शैक्षिक संरचनामा रहेका छन् (www.japaneseedu.policy)।

चीनको शैक्षिक संरचना पूर्वप्राथमिक शिक्षा, प्राथमिक शिक्षा, माध्यमिक शिक्षा र उच्चशिक्षामा आधारित छ । पूर्वप्राथमिक शिक्षा Junior Grade: ३ वर्षदेखि ४ वर्षसम्मका बालबालिकाका लागि, Middle Grade: ४ वर्षका बालबालिकाका लागि र Senior Grade ५ वर्षका बालबालिकाका लागि हुनेगर्दछ (chinaedu.policy)। प्राथमिक शिक्षा कक्षा १ देखि ६ सम्म रहेको छ । माध्यमिक तहको शिक्षा कक्षा ७ देखि १२ सम्म रहेको छ । यसलाई पनि निम्नमाध्यमिक कक्षा ७ देखि ९ सम्म र उच्चमाध्यमिक कक्षा १० देखि १२ सम्म अर्थात् चीनमा पूर्वप्राथमिक शिक्षा ३ देखि ६ वर्ष उमेरका लागि, प्राथमिक शिक्षा कक्षा १ देखि ६ सम्म Junior High School, कक्षा ७ देखि ९ सम्म, Senior High School, कक्षा १० देखि १२ सम्म विद्यालय तहको संरचना रहेको छ । यो पनि Full time school and Spare time school संरचनामा छ । उच्चशिक्षा Comprehensive Universities, Science and Engineering Universities and Politechnic University बाट प्रदान हुन्छ । स्नातक, स्नातकोत्तर तहको शिक्षा ३ देखि ५ वर्ष सम्मको तत् पश्चात अनुसन्धान तह रहेको छ । ८ वर्षे इन्जिनियरिङ, विज्ञान ५ वर्षे, चिकित्सा विज्ञान ६ वर्षे, डाक्टरी सेवा ८ वर्षे ( ६ वर्ष अध्ययन र २ वर्ष Internship) को संरचनामा रहेको छ । भारतको शैक्षिक संरचना अन्तर्गत पूर्वप्राथमिक तह १ वर्षदेखि ३ वर्षसम्मका बालबालिकाका लागि, प्राथमिक शिक्षा १ देखि ५ सम्म, Upper Primary कक्षा ५देखि ८ सम्म, माध्यमिक शिक्षा साधारण र व्यावसायिक गरी कक्षा ९ देखि १२ सम्म रहेको छ । भारतमा राज्यपिच्छे फरक फरक संरचना रहेको छ । उच्चशिक्षा स्नातक (Graduation Level) ४ वर्षे, स्नातकोत्तर (Postgraduation Level) २ वर्षे, एम.फिल. र विद्यावारिधि  जस्ता शैक्षिक कार्यक्रममा संरचना निर्धारण गरिएको छ (www.indian.edu.policy)। नेपालको शैक्षिक संरचनामा पूर्वप्राथमिक शिक्षा ECD मार्फत दिइन्छ । आधारभूत तह कक्षा १ देखि ८ सम्म र माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको रहेको छ । उच्चशिक्षा स्नातक तह ४ वर्षे, स्नातकोत्तर तह ४ सेमेष्ट्र, एम.फिल. ३ सेमेष्ट्र र विद्यावारिधि ३ देखि ५ वर्षको रहेको छ । चिकित्साशास्त्रको स्नातक ५ वर्षको रहेको छ (www.nepalese.edu.policy) ।

विभिन्न देशका भिन्न भिन्न शैक्षिक नीति र संरचना छन् । आ–आफ्नो शैक्षिक नीति र संरचनामा आधारित भएर तत्तत् देशहरुको शिक्षा प्रणाली संचालित रहेको छ ।

## आवश्यक शैक्षिक नीति

विश्वको वदलिदो परिस्थितिमा शैक्षिक नीतिमा परिवर्तन गरिनु आवश्यक छ । नीतिपरक अभ्यासले वर्तमान समयको सामाजिक, सांस्कृतिक, धार्मिक, भौतिक, राजनीतिक, आर्थिक, मनोवैज्ञानिक, प्राविधिक व्यावसायिक, प्रविधिक

विकास सँगै मानवलाई परिवर्तन गर्न मद्दत गर्यो । यद्यपि आकस्मिक मानवीय संकट मोचनको परिकल्पना गरेन जसले मानव जाति नै खतरामा पुग्नसक्ने स्थिति आयो । तसर्थ विश्व प्रचलित शैक्षिक नीतिमा परिवर्तन गरिनु पर्दछ । शिक्षा सर्वव्यापी वनाइनु पर्छ । माध्यमिक तह सम्मको शिक्षा अनिवार्य, निःशुल्क, साधारण, प्राविधिक, व्यावसायिक प्रविधिमय वनाइनु पर्छ । उच्चशिक्षा प्रविधियुक्त, विशिष्टीकृत र अनुसन्धानमुखी हुनुपर्छ । शिक्षाले प्राकृतिकता, सामाजिकता, साँस्कृतिकता, आर्थिकता, राजनीतिकता, नैतिकता, प्राणीकता एवम् मानवताको संरक्षण सम्बद्र्धन गर्नसक्नुपर्छ । बहुढाँचामा आधारित शैक्षिक प्रणालीको प्रयोग गरिनुपर्छ । शिक्षा विकेन्द्रित हुनुपर्छ । शिक्षामा वैकल्पिक उपायहरु अपनाउनु पर्दछ । शिक्षा प्रयोगपरक वनाइनु पर्छ । शिक्षाले शैक्षिक प्रभाव, मानसिक प्रभाव, शारीरिक प्रभाव, स्वास्थ्यगत प्रभाव, नैतिक प्रभाव, सामाजिक प्रभाव, आर्थिक प्रभाव, राजनीतिक प्रभाव, प्राकृतिक प्रभावसँगै सम्मृद्धि हासिल गर्न तत्पर हुनुपर्छ । सामाजिक विकासका लागि आवश्यक गतिविधि संचालन गर्न सक्ने शैक्षिक नीति समाज निर्मित हुनुपर्ने, यसका लागि स्थानीय निकाय नै बढी जिम्मेवार भई आफ्नो स्थान अनुरुपको शिक्षा प्रदान गर्न र आधुनिकता तर्फ लैजान उद्दत हुनुपर्दछ । घरपरिवारका छोराछोरी कस्तो सेवा, पेशा, व्यवसायमा आवद्ध हुने भन्ने कुराको पारिवारिक पृष्ठभूमि एवम् निर्णयले प्रभाव पारे जस्तै शिक्षामा स्थानीय निकायको प्रभाव हुनुपर्छ । आवश्यक सहयोग सरकारले गर्नुपर्दछ । शिक्षालाई विश्वव्यापीकरण सँगै स्थानीयकरणमा जोड्नु पर्दछ । आवश्यक मानव संसाधनको प्रयोग विश्वव्यापी रुपमा गर्नुपर्छ । यसमा स्थानीयत्वको संक्रिणता होइन यसभित्र विश्वव्यापकता भित्र्याउनु पर्छ । आधुनिकीकरण, प्रविधियुक्त, समाजपरक शैक्षिक नीति अवलम्बन गरिनुपर्छ । शिक्षाको लक्ष्य व्यक्तित्व निर्माण, जिम्मेवार नागरिक, नैतिक आधार,सामाजिक संस्कार, सामाजिक रुपान्तरण, सद्भाव, आधुनिकीकरण,प्रविधिपूर्ण, विकास, सम्मृद्धि लक्षित हुनुपर्दछ । आवश्यकतामुखी शिक्षा प्रणाली, स्थानियत्व शैक्षिक नीति आवश्यक छ । सामाजिक, भाषिक, जातिय, धार्मिक, आर्थिक, साँस्कृतिक, प्राकृतिक, शैक्षिक, राजनीतिक, औद्योगिक, पर्यटकीय, जलस्रोत, स्वास्थ्यगत, शारीरिक, भौगोलिक, कृषि, जनसाङ्ख्यकीय, वैज्ञानिक, इन्जिनियरिङ्, व्यावसायिक, प्राविधिक, प्रशासनिक जस्ता महत्वपूर्ण क्षेत्राधारको प्राथमिकता निर्धारण गर्दै अनुसन्धेय एवम् विशिष्टीकृत वनाइनु पर्दछ । प्रयोगाभ्यासको शिक्षा हुनुपर्दछ । क्षेत्र विशेषको शैक्षिक नीति अवलम्बन गरिनुपर्दछ । कृषिलाई प्रधान वनाउन कामदार, किसान,कृषि प्राविधिक, कृषि शिक्षा,स्वास्थ्यलाई प्रधान वनाउन व्यक्तिगत स्वास्थ्य शिक्षा,पारिवारिक स्वास्थ्य शिक्षा, सामुदायिक स्वास्थ्य शिक्षा एवम् चिकित्सक चिकित्सा शिक्षा क्षेत्र विशेषको शैक्षिक नीति हो । उद्यमशीलता, शिक्षितता, स्वास्थ्य शिक्षा, स्वस्थ जीवनको शैक्षिक नीति अपनाउनु आवश्यक छ ।

## आवश्यक शैक्षिक संरचना

विश्वको शैक्षिक संरचनामा भिन्नता छ । देशअनुरुपको शैक्षिक संरचना निर्धारण गरिएको छ । यद्यपि गहन शैक्षिक संरचनाको आवश्यकता छ ।औपचारिक शिक्षामा शैक्षिक संरचनाको आरम्भ बालकको शारीरिक, मानसिक विकाससँगै स्वास्थ्यगत शिक्षामा केन्द्रित हुनुपर्छ । यस अवधिका बालबालिकाको उमेर अवस्था ३ वर्षदेखि ५ वर्षको उपयुक्त हुन्छ । यो पूर्व आधारभूत तहको शिक्षा हो । बालबालिकाको ६ वर्षको उमेरदेखि आधारभूत तहको शिक्षा कक्षा १ देखि ९ सम्म हुनुपर्छ । कक्षा १० देखि १३ सम्म माध्यमिक तहको शिक्षा प्रदान गरिनु पर्छ । माध्यमिक तहको शिक्षा साधारण, व्यावसायिक रप्राविधिक धारको प्रविधिमय वनाइनु पर्छ । उच्च शिक्षालाई Graduate, Postgraduate and Research Level मा विभाजन गरी स्नातक तहलाई १० सेमेष्ट्रको Graduate, स्नातकोत्तर तह ६ सेमेष्ट्रको र Research मा ४ सेमेष्ट्रको एम.फिल., ३ वर्षदेखि ५ वर्ष सम्मको विद्यावारिधि वनाइनुपर्छ । उच्चशिक्षा विशिष्टीकृत, अनुसन्धानमुखी र प्रविधिमय हुनुपर्छ । शिक्षाशास्त्र, चिकित्साशास्त्र, कृषि तथा पशुविज्ञान, इन्जिनियरिङ तर्फको स्नातक

१२ सेमेष्टर र १ वर्ष इन्टर्नसीप तथा स्नातकोत्तरमा ८ सेमेष्ट्रर १ वर्ष इन्टर्नसीप राखिनुपर्छ । यसप्रकृतिको संरचनामा शिक्षाको समयावधि सबै तहमा बढाइएको छ । आधारभूत तह कक्षा १ देखि ९ सम्म हुँदा बालबालिकाले सिक्नुपर्ने आधारभूत ज्ञानको मात्रा पुग्छ । तत् पश्चात माध्यमिक तह ४ वर्षको हुँदा कक्षा १० र ११ Core प्रकृतिको र कक्षा १२ र १३ Specialization को हुन्छ । यसमा विद्यार्थीहरुको रुचीको अध्ययन गर्ने बाटो खुला हुन्छ । विषय क्षेत्र छनोट हुन्छः साधारण, प्राविधिक, व्यावसायिक प्रकृतिको छनोटले विद्यार्थीहरुलाई सेवामा लाग्न, उच्चशिक्षा, पेशामा सम्लग्न हुन वा उच्चशिक्षामा अगि बढ्न सहयोग पुग्छ । स्नातक तहको जम्मा १० सेमेष्ट्रर मध्ये ४ सेमेष्ट्रर Core प्रकृतिको, ६ सेमेष्टर Specialization को हुनुपर्छ । स्नातकोत्तर मा १ सेमेष्ट्रर Core प्रकृतिको ५ सेमेष्ट्रर Specialization को र Research Level fully Specialization को वनाइनु पर्छ । शिक्षाशास्त्र, चिकित्साशास्त्र, कृषि तथा पशु विज्ञान, इन्जिनियरिङ, स्नातक देखि Specialization को हुनुपर्छ । शिक्षा, चिकित्सा, कृषि तथा पशु, इन्जिनियरिङ वाहेक अन्य क्षेत्रको संकाय परिवर्तनमा आवश्यकता अनुसार खुला हुनुपर्दछ । उच्चशिक्षा Public Universities (Central and State Universities), Private Universites, Colleges, Medical Colleges, विज्ञान प्रतिष्ठान बाट दिइनु पर्छ । यसको गुणस्तरीयताको अनुगमन सम्बद्ध निकायले गर्नुपर्छ । शैक्षिक नेतृत्वमा पालिका ( स्थानीय ), प्रदेश राज्यस्तरको, देशभरिको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय हुनुपर्छ । यस ढाँचाको शैक्षिक संरचनाले शिक्षाको समयावधिको बृद्धिसँगै शिक्षाप्रतिको गहनतालाई बोध गराउन मद्दत गर्दछ । यस संरचनाले शिक्षाप्रतिको, उत्पादित जनशक्तिप्रतिको सतही दृष्टिकोण, सतही कार्यबोध र जिम्मेवारीको शैली देखिरहेको परिप्रेक्ष्यमा ज्ञानप्रतिको दृढता, ज्ञानको प्रयोग, प्रभाव र अभ्यासमा निखार ल्याउन सहयोग पुग्छ ।

## निष्कर्ष

शैक्षिक नीति र संरचनामा विश्वले गरेको अभ्यास समय सापेक्ष रहेन । शिक्षाको लक्ष्य स्वस्थ, संस्कायुक्त, नैतिक, जिम्मेवार, सम्पन्न, समृद्धि, विकसित जीवनसँग जोडिएको हुन्छ वर्तमान अवस्थामा कुनै कुनै पक्षबाट यसको अभाव सिद्ध भएको छ । परिस्थिति अनुरुप वदलिदो युगानुसारको शैक्षिक नीति र संरचनाको आवश्यकता खट्किएको छ । सम्पन्न र विकसित राष्ट्र संयुक्त राज्य अमेरिका,जापान, रुस उदाउँदो सम्पन्नता र शक्तिको राष्ट्र चीन, भारत एवम् विकासोन्मुखबाट विकसितर्थको पाइला सार्दै गरेको नेपालको शैक्षिक नीति र संरचनाको अध्ययनात्मक विश्लेषणबाट प्रचलित शैक्षिक नीति र संरचनामा नै विश्वले परिष्कार गर्नु आवश्यक छ । विश्वरुपी घर, घरभित्रका मानव, मानवसँग जोडिएका अन्य स्रोत र साधनसँगको एकिकृतपन विकास, सम्पन्नता र समृद्धिका लागि मुलभूत शैक्षिक नीति र संरचनामा अव एकरुपता हुनु जरुरी छ । शैक्षिक नीति र संरचनाको निर्धारणमा सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, धार्मिक, राजनैतिक आधारहरुले निर्णायक भूमिकामा हरेक देशलाई नीतिगत बन्धनमा राखेपनि हरेक देशले शैक्षिक नीतिमा शिक्षा सर्वव्यापी वनाइनु पर्छ, माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्छ । शिक्षितता, उद्यमशीलता, प्रयोगाभ्यासमा आधारित, समाजपरक,क्षेत्र विशेषको शिक्षा, बहुढाँचाको प्रणाली, स्थानियत्व, शिक्षामा वैकल्पिक उपायको प्रयोग, प्रयोगपरक शिक्षा, शिक्षामा विश्वव्यापीकरण, खुला शिक्षा, आवश्यकतामुखी, विशिष्टीकृत, अनुसन्धानमुखी, आधुनिकीकरण, प्राविधीकरण, व्यावसायिकीकरण, प्रविधिकीकरण, प्रशासनिकीकरणको शैक्षिक नीति अवलम्बन गर्नुपर्दछ । इच्छुक देशहरुको सम्लग्नतामा शैक्षिक नीति र संरचनाको विश्व साझा मन्च विश्व शैक्षिक नीति परिषद गठन गरिनु पर्दछ । यसले विश्वको शैक्षिक नीति र संरचनाको अध्ययन सोही अनुरुपको सुझाव प्रस्तुत गर्छ । यस सिलसिलामा शैक्षिक नीति निर्माणमा कुनै देशले कसैमाथि हस्तक्षेप होइन विश्व शैक्षिक परिपाटीको अध्ययन र सुझाव रहन्छ । यद्यपि अवलम्बन गर्ने नगर्ने अधिकार प्रत्येक देशमाथि नीहित हुनुपर्छ । शैक्षिक संरचनाको आरम्भ शारीरिक, मानसिक विकाससँगै स्वास्थ्यगत

शिक्षामा केन्द्रित हुनका लागि बालबालिकाको ३ वर्षदेखि ५ वर्षसम्मको उमेर अवस्थामा पूर्व आधारभूत तहको शिक्षा, ६ वर्षको उमेरदेखि कक्षा १ देखि ९ सम्मको आधारभूत तहको शिक्षा,कक्षा १० देखि कक्षा १३ सम्मको माध्यमिक तहको साधारण, प्राविधिक, व्यावसायिक, प्रविधियुक्त शिक्षा, Graduate स्नातक तह १० सेमेष्टरको, Postgraduate स्नातकोत्तर तह ६ सेमेष्ट्रको प्रत्यक तहको अन्तिम सेमेष्ट्र इन्टर्नसीपको हुनुपर्छ । Research Level एम. फिल. ४ सेमेष्टरको र विद्यावारिधि ३ वर्षदेखि ५ वर्षसम्मको समयावधिको संरचनाको हुनुपर्छ । उच्चशिक्षा वैज्ञानिक, विशिष्टीकृत, अनुसन्धानमुखी र प्रविधिमय हुनुपर्छ । शिक्षाशास्त्र, चिकित्साशास्त्र, कृषि तथा पशुविज्ञान, इन्जिनियरिङ तर्फको संरचनामा १२ सेमेष्ट्रको स्नातक, ८ सेमेष्ट्रको स्नातकोत्तर जसमा १ वर्षे इन्टर्नसीप राखिनुपर्छ।

शैक्षिक नीति र संरचनामा प्रचलित पद्धति एवम् प्रणालीगत परिपाटीमा आयाम ल्याउन सके शिक्षा प्रभावकारी हुन्छ । शिक्षा कै आधारमा रहेका ती सम्पूर्ण क्षेत्रहरु स्वभावतः दृढ हुन्छन् । जसले विगत, वर्तमान र आगतको विश्लेषण गर्दै निरन्तर रुपमा अगि बढ्न मद्दत पुग्नेछ ।

## सन्दर्भ सामग्री सूची


Chaube, S. P. (1994). *Foundations of education.* Vikas Publishing House.

Chaube, S. P. (1994). *Comparative education*: Vikas Publishing House PVT LTD.

Das, N. (1996). *Foundation of educational: Thought and practice.* Kalyani Publishers.

Sharma, C. (2061 BS). *Foundations of education*. M. K. Publishers &Distributions.

Good, H. G. (1960). *History of western education.* Macmillan Company.

www.chinaedu.policy

www.india.edu.policy

www.japanese.edu.policy

www.nepalesedu.policy

www.russia.edu.policy

www.usa.edu.policy